National News

25/03/2024

प्रमुख समाचार

- मध्य प्रदेशको उज्जैन महाकालेश्वर मन्दिरको गर्भ गृहमा आगो; प्रधानमन्त्रीद्वारा दुःख व्यक्त
- विदेश मन्त्रीको सिंगापुरका प्रधानमन्त्री श्री ली सिन लूङसित भेट
- भाजपाद्वारा लोकसभाका लागि उम्मेदवारहरूको पाँचौं सूची जारी
- कर्नाटकमा KRPP नेता श्री G जनार्दन रेड्डी आफ्नो पार्टीसहित भारतीय जनता पार्टीमा विलय
- भारतले गऱ्यो आतंकवादलाई समर्थन दिएकोमा पाकिस्तानको आलोचना

- Ujjain Fire

मध्य प्रदेशमा आज विहान उज्जैनको महाकालेश्वर मन्दिरको गर्भ गृहमा आगो लागेको घटना अघि आएको छ। यो दुर्घटना भस्म आरतीअवधि भएको हो। पुजारीसहित चौधजना घाइते भएका छन्। घाइतेहरूलाई इन्दोर र उज्जैनको अस्पतालमा भर्ती गरिएको छ। उज्जैनका कलेक्टर श्री नीरज सिंहले दुर्घटनाको जाँचको आदेश दिनुभएको छ।

मुख्यमन्त्री डाक्टर मोहन यादवले प्रत्येक घाइतेलाई एक-एक लाख रूपियाँ सहायता राशि र निःशुल्क उपचारको घोषणा गर्नुभएको छ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यस घटनामाथि दुःख व्यक्त गर्नुभएको छ। उहाँले यसमा घाइते भएका सबै श्रद्धालुहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ। श्री मोदीले भन्नुभएको छ, राज्य सरकारको देखरेखमा स्थानीय प्रशासनले पीड़ितहरूलाई हरसम्भव सहयोग गरिरहेछ।

--------------------------------------X--------------------------------------

- Foreign Minister Singapore

विदेश मन्त्री डाक्टर सुब्रह्मण्यम जयशंकरले आज सिंगापुरका प्रधानमन्त्री श्री ली सिन लूङसित भेट गर्नुभयो। सोशल मिडिया पोस्टगमा उहाँले भन्नुभएको छ, भारतसितको सम्बन्धप्रति श्री लूङको सकारात्मक दृष्टिकोण दुवै देशको सम्बन्धको शक्तिको स्रोत रहेको छ। डाक्टर जयशंकरले भन्नुभयो, विद्यमान अन्तराष्ट्रिय परिदृश्यतमा श्री लूङको दृष्टिकोणलाई भारतले महत्त्वपूर्ण मान्दछ। डाक्टिर जयशंकर सिंगापुरको तीन दिने यात्रामा हुनुहुन्छ।

यसअघि, उहाँले सिंगापुरका विदेश मन्त्री श्री विवियन बालाकृष्णनसित पनि भेट गर्नुभयो। दुवै नेताले भारत र सिंगापुरबीच सहयोगको क्षेत्रमा भएको प्रगतिको समीक्षा गर्नुभयो। डाक्टर जयशंकरले भन्नुभयो, दुवै नेताले हिन्दि-प्रशान्त र पश्चिम-एशियामाथि पनि चर्चा गरे।

--------------------------------------X--------------------------------------

- <u>Election Gujarat</u>

गुजरातमा सबै छब्बीस लोकसभा सीटमा मतदान एकै चरणमा सात मईमा हुनेछ। सोही दिन पाँच विधानसभा सीटको उप-चुनाव पनि गराइनेछ। चुनाउको अधिसूचना बाह्र अप्रेलमा जारी गरिनेछ भने नामांकनको अन्तिम मिति उन्नाइस अप्रेल रहेको छ। उम्मेदवारले बाहिस अप्रेलसम्ममा नाम फिर्ता लिन सक्नेछन्। चुनाउको परिणाम चार जूनमा घोषित गरिनेछ। हाम्रा संवाददाताअनुसार राज्यका पचास हजार छ सय सतातर मतदान केन्द्रहरूमा मतदान गराइनेछ।

भारतीय जनता पार्टीले लोकसभा चुनाउका लागि एक सय एघारजना उम्मेदवारको पाँचौं सूची जारी गरेको छ। अभिनेत्री सुश्री कंगना रनौतलाई हिमाचल प्रदेशमा मंडी लोकसभा क्षेत्रबाट चुनावी मैदानमा उतारिएको छ। केन्द्रिय मन्त्री श्री धर्मेन्द्र प्रधानलाई ओडिशाको सम्बलपुर अनि पार्टी प्रवक्ता श्री सम्बित पात्रालाई पुरीबाट उम्मेदवार बनाइएको छ।

केन्द्रिय गृह राज्य मन्त्री श्री नित्यानन्द राय बिहारमा उजियारपुरबाट, केन्द्रिय मन्त्री श्री गिरिराज सिंह बेगूसराय र पार्टीका वरिष्ठ नेता श्री रवि शंकर प्रसाद पटना साहिब लोकसभा क्षेत्रबाट चुनाउ लड्नेछन्। अभिनेता श्री अरुण गोविल मेरठ लोकसभा क्षेत्रबाट, पूर्व केन्द्रिय मन्त्री श्रीमती मेनका गान्धी उत्तर प्रदेशमा सुल्तानपुरबाट, उत्तर प्रदेशका मन्त्री श्री जितिन प्रसाद पीलीभीत लोकसभा क्षेत्रबाट अनि भाजपामा हिजो शामेल भएका कंग्रेसका पूर्व नेता श्री नवीन जिन्दल हरियाणामा कुरुक्षेत्र लोकसभा क्षेत्रबाट चुनाउ लड्नेछन्।

कलकत्ता उच्च न्यायालयका पूर्व न्यायाधीश श्री अभिजीत गंगोपाध्याय पश्चिम बंगालमा तामलुक लोकसभा सीटबाट र कर्नाटकका पूर्व मुख्यमन्त्री श्री जगदीश शेट्टार बेलगामबाट उम्मेदवार रहेका छन्। सिक्किमबाट एकमात्र लोकसभा सीटका लागि श्री दिनेशचन्द्र नेपाल उम्मेदवार हुनुहुन्छ।

भारतीय जनता पार्टीले सिक्किम विधानसभाका लागि पनि चौधजना उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ। भाजपाका श्री DR थापा अपर बुरतुक र श्री नरेन्द्र कुमार सुब्बा मनेबुङ-देनताम विधानसभा सीटबाट चुनाउ लड्नेछन्।

यसैबीच कंग्रेसले लोकसभा चुनाउका लागि पाँचजना उम्मेदवारहरूको अझ एउटा सूची जारी गरेको छ। राजस्थानमा कोटाबाट श्री प्रहलाद गुंजाल, अजमेरबाट श्री रामचन्द्र चौधरी र राजसम्मदबाट श्री सुदर्शन रावतले चुनाउ लड्नेछन्। पार्टीले तमिलनाडुको तिरूनेलवेलीबाट एडवोकेट श्री C रोबर्ट ब्रूसलाई चुनावी मैदानमा उतारेको छ।

---------------------------------------X---------------------------------------

- <u>Janardhan Reddy BJP</u>

कर्नाटकमा KRPP नेता श्री G जनार्दन रेड्डीले आफ्नो पार्टीलाई भारतीय जनता पार्टीमा विलय गराउनुभएको छ। उहाँ लोकसभा चुनाउअघि आफ्नी पत्नी श्रीमती अरुणा लक्ष्मीसहित फेरी भाजपामा शामेल हुनुभएको छ। श्री रेड्डी भाजपा नेता श्री BS येदियुरप्पा र पार्टीका प्रदेश अध्यक्ष श्री BY विजयेन्द्रको उपस्थितिमा पार्टीमा शामेल हुनुभयो। श्री रेड्डीले भन्नुभयो, उहाँ बिना शर्त भाजपामा शामेल हुनुभएको हो र कुनै पद माग्नुभएको छैन।

---------------------------------------X---------------------------------------

- <u>India-Pak IPU</u>

भारतले आतंकवादलाई समर्थन दिएकोमा पाकिस्तानको आलोचना गरेको छ। भारतले भनेको छ, पाकिस्तानलाई आतंकको फेक्ट्रि बन्द गर्ने सल्लाह दिनुपर्छ, जसले जम्मू-कश्मीरमा सीमापारीबाट आतंकी आक्रमण गराउँदछ। भारतले भनेको छ, पाकिस्तानले आतंकवादीहरूलाई सहयोग र आश्रय दिने गरेको इतिहास छ। राज्यसभाका उपसभापति श्री हरिवंशले हिजो जेनेवामा अन्तरसंसदीय संघको एक सय अड्चालीसौं सभाअवधि पाकिस्तान विरूद्ध उत्तर दिने आफ्नो अधिकारमा यो कुरा भन्नुभयो। उहाँले भन्नुभयो कि पाकिस्तानको संयुक्त राष्ट्र सुरक्षा परिषदद्वारा घोषित आतंकवादीहरूको ठूलो संख्यालाई सहायता र आश्रय दिने गरेको घृणित रिकर्ड छ। उहाँले विश्वव्यापी आतंकको अनुहार ओसामा-बिन-लादेनलाई पनि पाकिस्तायनमा भेटाइएको थियो।

भारतीय क्षेत्रको बारेमा पाकिस्तानको टिप्पणीलाई अस्वीकार गर्दै श्री हरिवंशले भन्नुभयो, लोकतन्त्रको नराम्रो ट्र्याक रेकर्ड भएको देशको व्याख्यान हाँस्यास्पद छ। उहाँले जोड़ दिँदै भन्नुभयो, भारतमा विश्वको सबैभन्दा ठूलो लोकतन्त्र छ र धेरै देशले भारतको लोकतन्त्र मोडलको अनुसरण गर्दछन्। जम्मू-कश्मीर र लद्दाखलाई भारतको अभिन्न अंग बताउँदै राज्यसभाका उपसभापतिले भन्नुभयो, कसैको कुनै पनि बयानबाजी र दुष्प्रचारले यस तथ्यलाई खारेज गर्न सक्दैन।

---------------------------------------X---------------------------------------

- <u>Holi</u>

देशभरि आज रंगको पर्व होली हर्षोल्लासका साथ पालन गरियो। यो पर्व नकारात्मकमाथि सकारात्मकको विजयको प्रतिकको रूपमा वसन्त ऋतुको अवसरमा पालन गरिन्छ। यस दिन मानिसहरू एकार्कालाई रंग लगाउनका साथै गुलाल लगाएर होलीको शुभकामना दिँदै मिठाइ बाँट्दछन्।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखड़ र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीलाई होलीको शुभकामना दिनुभएको छ।

राष्ट्रपतिले भन्नुभएको छ, होली खुशीको  पर्व हो, जसले जीवनमा उत्साह र आशा ल्याउँदछ। उहाँले भन्नुभएको छ, होलीको विभिन्न रंग देशको विविधताको प्रतीक हो र यस पर्वले मानिसहरूबीच स्नेह, एकता र भाईचारालाई प्राथमिकता दिँदछ।

उपराष्ट्रपति श्री जगदीप धनखड़ले भन्नुभएको छ, यस पर्वले सबैबीच आपसी सम्बन्ध दह्लिो बनाउनका साथै वसन्त ऋतुको स्वागतको सन्देश दिँदछ। श्री धनखड़ले भन्नुभएको छ, होलीको पर्वले आपसी मेल-मिलाप र विगतको गलत कुरालाई भुलाएर नयाँ अवसर अपनाउने प्रेरणा दिँदछ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पनि देशवासीलाई होलीको शुभकामना दिनुभएको छ। उहाँले होलीले सबैको जीवनमा नयाँ ऊर्जा र उत्साहको सञ्चार गर्ने कुराको आशा गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- <u>Reasi First Time Voter</u>

रंगको पर्व होलीमा, जम्मूको रियासीमा पहिलोपल्ट मतदान गर्ने मतदाताहरूले आगामी महिनामा शुरू हुने चुनाउलाई देशको महा पर्वको रूपमा पालन गरे। यस अवसरमा युवा मतदाताहरूले अन्य मतदाताहरूसित होलीको भावनाअनुरूप मतदान गर्ने आग्रह गरे। युवा मतदाता आकाशदीप सिंह र उनका मित्रले जनतासित होलीको भावनालाई सम्झिएर मतदानको दिन आफ्नो औंलालाई अमेट मसीले रङ्गाएर आफ्नो उपस्थिति दर्ता गर्ने अपील गरेका छन्।

-------------------------------------X-------------------------------------

- <u>UNSC</u>

संयुक्त  राष्ट्र सुरक्षा परिषदमा आज गजामा तत्काल युद्ध विरामलाई लिएर नयाँ मसौदा प्रस्ताउमाथि मतदान हुनेछ। आसा छ कि नयाँ प्रस्ताउमा पवित्र रमजान महिनामा तत्काल संघर्ष विरामको माग गरिनेछ। यसअघि, शुक्रवार रूस र चीनले अमेरीकाद्वारा प्रस्तुरत प्रस्ताउमाथि भिटो गरेको थियो। रूस र चीनको भनाइअनुसार यो दस्तावेज राजनीतिक छ र यसमा रफामा जारी इजराइलको सैन्यन अभियानको विरोधको स्पष्ट रूपमा उल्लेख छैन।

-------------------------------------X-------------------------------------